**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २८ गते आइतबार ❑ 13 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## मर्दी हिमाल आरोहण गर्ने स्थानीय युवा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



कास्कीको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित पाँच हजार ५८७ मिटर उचाइको मर्दी हिमाल स्थानीय युवाले सामूहिक रूपमा सफल आरोहण गरेका छन् । मर्दी हिमालको सफल आरोहण गर्ने युवालाई घाचोक-माछापुच्छ्रे-पोखरा सम्पर्क समाजले शनिबार सम्मान गरेको हो । स्थानीय युवाबाट मर्दी हिमालको सफल आरोहण हुनु यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण उपलब्धि भएको समाजले जनाएको छ ।

यसले मर्दी हिमालको थप प्रचारप्रसार हुनुका साथै समग्र माछापुच्छ्रे क्षेत्रको पर्यटन विकास र समृद्धिमा योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ । समाजका अध्यक्ष तोयनाथ बैरागी लम्साल, सल्लाहकार मिनराज लम्साललगायतले आरोहीलाई सम्मान गर्नुभएको थियो ।

माछापुच्छ्रे-१ का नारायण गुरुङ, नवीन गुरुङ, रामबहादुर परियार, किसान थापामगर र अर्जुन विक, वडा नं ३ का क्षेत्रबहादुर गुरुङ र सुदीप तामाङ तथा म्याग्दीका खिम पाइजा र गोरखाका मनुमान गुरुङले गत साउनको अन्तिम साता मर्दी हिमालको सफल आरोहण गर्नुभएको थियो । आरोही क्षेत्रबहादुर गुरुङले मर्दी हिमाल आरोहणका क्रममा सुरुआती चरणमा कठिनाइ भए पनि चुचुरोमा पुगेपछि छुट्टै आनन्दको अनुभूति हुने बताउनुभयो । उहाँले मर्दी हिमाललाई हिमाल आरोहणको प्रशिक्षण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना औँल्याउनुभयो ।

"एभरेष्ट, अन्नपूर्णलगायत सात हजार मिटरभन्दा बढी उचाइका हिमाल चढ्नुअघि मर्दी हिमालमा तालिम गरेर जाँदा आरोहण सहज हुन्छ । मर्दी चढेपछि अर्को हिमाल चढ्न धेरै नै सहज हुने भएकाले यसलाई ट्रेनिङ सेन्टरका रूपमा विकास गर्नसकेमा धेरै पर्यटक भित्र्याउन सकिन्छ", उहाँले भन्नुभयो । घाचोक- माछापुच्छ्रे-पोखरा सम्पर्क समाजका अध्यक्ष तोयनाथ बैरागी लम्सालले स्वस्थ रूपमा सफल आरोहण गरेर फर्कनु आफैँमा महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो । उहाँले मर्दी आरोहणबाट प्राप्त साहस र अनुभवले आरोहीलाई आगामी दिनमा अझ अग्ला हिमाल आरोहण गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

"तपाईंहरूले मर्दी हिमालको सफल आरोहण गरेर धेरै अनुभव हासिल गर्नुभएको छ । यसले आगामी दिनमा अझ राम्रो गर्न प्रेरणा दिनेछ । यसबाट माछापुच्छ्रे क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुगेको छ", अध्यक्ष लम्सालले भन्नुभयो । कार्यक्रममा पृथ्वीनारायण क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका सभापति विष्णु पोखरेल, समाजका उपाध्यक्ष चन्द्राज्यु ठकुरी, सचिव जगत गुरुङ तथा सदस्य दुर्गाबहादुर गुरुङ लगायतले हिमाल आरोहण चुनौतीपूर्ण कार्य भए पनि माछापुच्छ्रे गाउँपालिकाको काखमा रहेको मर्दी हिमाल स्थानीय युवाले सफलतापूर्वक आरोहण गर्नु गौरवको विषय भएको बताउनुभयो ।

## पोखरा बसपार्कका सुकुम्बासी व्यवस्थापन अघि बढाउँदै महानगर

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



पोखरामहानगरपालिकापालिको पृथ्वीचोकस्थित प्रस्तावित पोखरा बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रक्रिया अघि बढाउने भएको छ ।

महानगरले गरेको छानविनको अन्तिम प्रतिवेदनअनुसार हालसम्म बसपार्कमा ३२५ परिवार भूमिहीन र २४२ परिवार अव्यवस्थित बसोबासी छन् । जसमा १४४ परिवार भूमिहीन दलित र १८१ परिवार भूमिहीन सुकुम्बासी तथा २४२ परिवार अव्यवस्थित बसोबासीको सूचीमा छन् । महानगर कार्यपालिका बैठकले भूमिहीन र अव्यवस्थित बसोबासीको विवरण प्रमाणिकरण गरिसकेको छ । महानगर प्रमुख धनराज आचार्यले बसपार्क क्षेत्रमा रहेका वास्तविक भूमिहीन तथा सुकुम्बासी परिवारको व्यवस्थापनलाई अघि बढाइने बताउनुभयो । उहाँका अनुसार बसपार्क क्षेत्रका सुकुम्बासी बस्ती व्यवस्थापनको बाँकी प्रक्रिया आउँदो आइतबारदेखि पुनः अघि बढाइने छ । नयाँ बस्ती व्यवस्थापन तथा सुकुम्बासी समस्या समाधानका लागि गठित जिल्ला समितिको आवश्यक निर्णय प्रक्रिया अगाडि बढिरहेको प्रमुख आचार्यले बताउनुभयो । "भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण सम्बन्धित सबैको कार्यव्यस्तता उद्धार तथा राहततर्फ केन्द्रित भएपछि बस्ती व्यवस्थापनको काम केही दिनका लागि रोकिएको थियो । अब भने बाँकी निर्णय प्रक्रिया पुनः अघि बढाइनेछ । विपद्का बेला सुकुम्बासी बस्ती व्यवस्थापन वा निर्माणका काममा केही दिन ढिलाइ हुनुभन्दा नागरिकको उद्धार, राहत, शव व्यवस्थापन तथा मानवीय सहयोगलाई प्राथमिकता दिएका छौँ", आचार्यले भन्नुभयो ।

प्रमुख आचार्यले मनसुनसमेत क्रमशः रोकिँदै गएको उल्लेख गर्दै बसपार्क क्षेत्रको समस्या समाधानसँगै फिर्के खोलाको बाँकी काम पनि सँगसँगै अघि बढाइने जानकारी दिनुभयो । महानगरले बसपार्कका सुकुम्बासीलाई वैकल्पिक व्यवस्था गरेर मात्र बसोबास गरिरहेको स्थानबाट हटाउने र त्यसका लागि जमिन केही स्थानमा पहिचान भइसकेको जनाएको छ । पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा जग्गा अधिग्रहण गरिएको थियो । योजना बनेको पाँच दशकसम्म बसपार्क नबन्दा पृथ्वीचोक क्षेत्रको सडक फेटी र फुटपाथबाटनै लामो तथा छोटो दूरीका बस गन्तव्यका लागि छुट्ने बाध्यता छ । बसपार्कभित्रको जग्गा सुकुम्बासी र अन्य केही व्यक्तिले अतिक्रमण गरेपछि बसपार्क बन्न सकेको थिएन । पछिल्लो समय महानगरले बसपार्कभित्रका व्यापारिक सटर कवल हटाएको छ । महानगरले बसपार्कको जग्गा खाली गरेपछि दातृ निकायको सहयोगमा सुविधासम्पन्न बसपार्क बनाउने योजना सार्वजनिक गरिसकेको छ । पृथ्वीचोकमा सुविधासम्पन्न बसपार्क बनाउन तथा पोखराको स्मार्ट यातायात व्यवस्थापनका लागि दक्षिण कोरिया सरकारले सहयोग गर्ने भएको छ। कोरियाली विकास नियोग(कोइका)ले यहाँको यातायात प्रविधिमैत्री र वातावरणमैत्री बनाउनका लागि लगानीको प्रतिवद्धता जनाइसकेको महानगरले जनाएको छ ।

## नेपाल-चीन सहकार्यको केन्द्रमा जलवायु र पर्यावरण

रासस
काठमाडौं, २७ भदौं

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-चीन सम्बन्धलाई परम्परागत सीमा व्यवस्थापनको दायराबाट माथि उठाउँदै पर्यावरणीय सहकार्य, जलवायु सुरक्षा, प्रविधि, व्यापार र पूर्वाधार विकासमा आधारित रणनीतिक साझेदारीका रूपमा अघि बढाउनुपर्ने बताउनुभएको छ । 'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम'द्वारा आयोजित 'काष्ठमण्डप संवाद' शृङ्खलाअन्तर्गत 'नेपाल-चीन सम्बन्धः सहकार्यका विस्तारित आयाम' विषयक कार्यक्रममा उहाँले भोटेकोशीको हालैको बाढीले नेपाल र चीनबीचको सीमा केबल राजनीतिक सीमारेखा नभई साझा पर्यावरणीय नियति जोड्ने क्षेत्र भएको स्पष्ट पारेको बताउनुभयो ।

यही भदौ १० गतेको भोटेकोशी बाढीलाई 'हिमालयन सुनामी'को संज्ञा दिँदै परराष्ट्रमन्त्रीले विपद् पछिको उद्धारमा चीन सरकारले उपलब्ध गराएको आकस्मिक सहयोग, प्राविधिक सहायता तथा जलविज्ञानसम्बन्धी समन्वयप्रति आभार व्यक्त गर्नुभयो । "भूगोलले नेपाल र चीनबीच राजनीतिक सीमा मात्र कोर्दैन, यसले हाम्रो साझा नियतिलाई जोड्छ", मन्त्री खनालले भन्नुभयो ।

उहाँले हिमालयलाई विगतमा जस्तै अवरोध वा विभाजनका रूपमा नभई साझा पर्यावरणीय सम्पदा र संरक्षणका क्षेत्रका रूपमा लिनुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तन र वातावरणीय जोखिम बढ्दै गएकाले नेपाल-चीन सहकार्यको आधार नै पर्यावरणीय उत्थानशीलता र जलवायु सुरक्षा हुनुपर्ने उहाँको भनाइ थियो । मन्त्री खनालले हिमताल विस्फोट, अनियमित मौसम तथा पहिरोजस्ता सीमापार प्रभाव पार्ने विपद् न्यूनीकरणका लागि रियल-टाइम स्याटेलाइट तथ्याङ्क आदानप्रदान, संयुक्त मौसम पूर्वानुमान तथा प्रारम्भिक चेतावनी प्रणाली विकास गर्नुपर्ने प्रस्ताव गर्नुभयो । उहाँले थप्नुभयो, "हिमालयलाई हामीलाई अलग गर्ने अवरोधका रूपमा होइन, सामूहिक संरक्षण आवश्यक पर्ने साझा आश्रयस्थलका रूपमा स्वीकार गर्नुपर्छ ।" नेपाल-चीन सम्बन्ध शताब्दीयौँ पुरानो सभ्यतागत आदानप्रदानमा आधारित रहेको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीचको सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त (पञ्चशील), सार्वभौम समानता, पारस्परिक विश्वास र एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तमा आधारित रहेको बताउनुभयो । नेपालको 'एक चीन' नीतिप्रतिको प्रतिबद्धता दृढ र स्पष्ट रहेको उल्लेख गर्दै उहाँले नेपाली भूमि छिमेकीविरुद्धका गतिविधिका लागि प्रयोग हुन नदिने प्रतिबद्धता पुनः व्यक्त गर्नुभयो । परराष्ट्रमन्त्रीले उत्तरी नाकामा भन्सार पूर्वाधारको आधुनिकीकरण, उच्च हिमाली सीमावर्ती बन्दरगाहलाई वर्षैभर सञ्चालन हुने व्यावसायिक केन्द्रका रूपमा विकास तथा बाढी, पहिरो र अन्य वातावरणीय जोखिम सामना गर्न सक्ने सडक, पुल र सीमापार पूर्वाधारको पुनर्निर्माण आवश्यक छ भन्नुभयो ।

चीनले गरिबी न्यूनीकरण, ग्रामीण पुनरुत्थान तथा कृषि आधुनिकीकरणमार्फत हासिल गरेको विकासबाट नेपालले सिक्न सक्ने बताउँदै मन्त्री खनालले चीन हरित प्रविधि, रोबोटिक्स र जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्समा विश्वकै प्रमुख शक्तिका रूपमा उदाएको उल्लेख गर्नुभयो । नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले चीन र नेपालले हिमालयको पारिस्थितिकीय प्रणाली साझा भएकाले जलवायु परिवर्तनका चुनौतीको सामना गर्न दुवै देश एकताबद्ध भएर उभिनुपर्नेमा जोड दिनुभयो । उहाँले बाढीबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै चीनले नेपाललाई उपलब्ध गराएको सहयोगबारे जानकारी गराउनुभयो ।

राजदूत चाङले विपद्मा चीन सरकारका तर्फबाट नेपाललाई ड्रोन, बेलीब्रिज, डिएनए परीक्षण उपकरण र उद्धार डुङ्गालगायत पाँच खेप राहत सामग्री उपलब्ध गराएको तथा सुरुङभित्रको उद्धार, डिएनए पहिचान र फरेन्सिक पहिचानमा विशेषज्ञता हासिल गरेका २४ विज्ञ पठाइएको जानकारी दिनुभयो ।



**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं ।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।
- विदुरनीति

**सम्पादकीय**

# राजधानी जोड्ने राजमार्ग खुलाउन सबै शक्ति लगाऊ

भोटेकोशी हुँदै त्रिशूलीमा आएको बाढीले नदी किनारस्थित सडकको तल्लो भाग कटान गरेपछि पृथ्वी राजमार्ग १५ दिनदेखि अवरुद्ध छ।लामो समयसम्म संचालन हुन नसक्दा राजधानीमा ग्यासको कालोबजारी भएको छ । काठमाडौं जोड्ने प्रमुख लाइफलाइन मानिने पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा भदौ १४ गते त्रिशूलीले सडकको बेस नै कटान गरेपछि करिब एक सय मिटर सडक भासिएको थियो । राजधानीमा ग्यासको अभाव मात्र होइन मंहगी पनि बढेको छ । ग्याँसको निहुँमा हरेक सामानको मूल्य बढेको छ । महंगीको मारमा नागरि पर्दा सरकार र सत्तारूढ पार्टीले खबरदारी गर्न नसक्नु शासन चलाउन ढंग पुऱ्याउन नसक्नु हो । राजधानीमा खाद्यान्न अभाव देखि कार्यालय छड्केसम्म गर्नुपर्ने अवस्थाले नेपालीलाई मर्न खोजेको त होइन भन्ने प्रश्न खबर णाट बुझ्न सकिन् सडक भासिएको ठाउँभन्दा माथिबाट नयाँ ट्र्याक खोल्ने काम अहिले धमाधम भइरहेको छ । पहाड काटेर करिब २५० मिटर ट्र्याक दुवैतिर जोड्ने काम सकिएको छ ।

अब आइतबारदेखि ग्राभेल र रोलिङको काम सुरु गर्ने र ३-४ दिनमा काम सकेर यातायात सञ्चालनमा ल्याउने तयारी रहेको नागढुङ्गा-मुग्लिङ सडक योजना, पश्चिम खण्डकी योजना प्रमुख सजना अधिकारीले बताइन् । 'ग्राभेल गर्न काटेकोजस्तो सजिलो हुँदैन । रोलिङ गरेर मिलाउनुपर्छ । लेयर-लेयरमा गर्नुपर्छ । एउटै लेयरमा गर्न सकिँदैन,' उनले भनिन्, 'त्यसकारण ३-४ दिन लाग्न सक्छ । यो महिनाको अन्त्यबाट यातायात सञ्चालन गर्ने लक्ष्य छ ।' त्रिशूलीले सडकको बेस नै कटान गरेर भासिएकाले नयाँ ट्र्याक खोल्नुपरेको अधिकारीले बताइन् । नयाँ खोलिएको ट्र्याकले आवतजावतमा दुःख नदिने उनको विश्वास छ । 'कृष्णभीरमा पहिले बायो इन्जिनियरिङको प्रयोग गरेर कंक्रिट र विरुवालाई मिलाएर पहिरो रोकथाम गरिएको थियो । त्यो दीर्घकालीन रह्यो,' उनले भनिन्, 'अहिले हामीले नसोचेको बाढी आएर सडकको तलपट्टिको भाग काटिँदा माथि पनि भासियो ।

अहिले माथिपट्टिबाट सडक निर्माण गरेका छौं । त्यति धेरै डिस्टर्ब नहोला भन्ने आशा राखौं ।' कृष्णभीरमा पहिरो खसेपछि अत्यावश्यक वस्तुको ढुवानीसमेत प्रभावित भएको छ । यही कारण बजारमा खाना पकाउने ग्यासको समस्या बल्झिएको छ । हेटौंडा हुँदै काठमाडौं आउने सडकमा समेत सवारीको चाप बढेकाले काठमाडौं आउजाउ गर्न असहज भइरहेको छ । कृष्णभीरमा खसेको पहिरोका कारण काठमाडौं, धादिङ हुँदै चितवन, तनहुँ, कास्की तथा पश्चिम नेपालका अन्य जिल्लामा जाने-आउने सवारीसाधन प्रभावित भएका छन् ।

राजधानी जोड्ने मुख्य राजमार्ग यति लामो समय अबरुद्ध हुँदा ग्यास देखि अन्य अत्यावश्यक सामानको अभाव भएको महसुस नगर्नु सरकारको कमजोरी हो।दिनरात नभनी बाटो खुलाउन नसक्दा सरकारको काम गर्ने सामर्थ्य कस्तो छ भन्ने छर्लङ्ग हुन्छ।स्थानीय तह, प्रदेशसंग मिलेर काम गरेको भए केही सहज हुने थियो । आफ्नो ढंग पनि नहुने अरुको अनुभव लिन नचाहने सरकारको एकलकाटे स्वभावले यो अवस्था आएको हो।जसरी हुन्छ राजधानी जोड्ने राजमार्ग खुलाउन सबै शक्ति लगाएर सरकारले काम गर्दैछ भन्ने विश्वास दिलाउनु जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाव |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## भू तथा जलाधार व्यवस्थापन कार्यालयका एक सय १४ योजना

पोखरापत्र संवाददाता
दमौली, २७ भदौ

गण्डकी प्रदेशका छ वटा जिल्ला कार्य क्षेत्र रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले आर्थिक वर्ष २०८२/८३ मा ११४ योजना सम्पन्न गरेको छ । त्यस अवधिमा ११ वटा योजना भने कार्यान्वयन हुन नसकेको कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख दिवाकर पौडेलका अनुसार कार्यालयको कार्यक्षेत्र मनाङ, लमजुङ, गोरखा, तनहुँ, नवलपुर र कास्की रहेको छ । प्रदेश तथा सङ्घीय सरकार बाट ससर्त प्राप्त बजेटअन्तर्गत ९४ प्रतिशत योजना सम्पन्न भएको छ । मनाङमा सातवटै योजना सम्पन्न भएका छन् । लमजुङमा ५९ योजनामध्ये ५३, गोरखामा ३५ मध्ये ३२, तनहुँमा ३७ मध्ये ३६, नवलपुरमा १० वटै र कास्कीमा ५७ मध्ये ५६ वटा योजना सम्पन्न भएको पौडेलले बताउनुभयो । त्यसअवधिमा गल्छी तथा पहिरो नियन्त्रण, खोला किनार संरक्षण, बस्ती संरक्षण, पोखरी संरक्षण, पानीका मुहान संरक्षण, सिँचाइ कुलो सुधार, गोरेटो बाटो निर्माण तथा सडक संरक्षण लगायतका काम गरिएको पौडेलले बताउनुभयो । जलाधार तथा भू-क्षय नियन्त्रणसँगै बाढीपहिरोको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न स्थानमा संरक्षणका का पूर्वाधार निर्माण तथा सुधार का काम गरिएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो । विशेषगरी पहिरो तथा भू-क्षयका कारण जोखिममा रहेका बस्ती, सडक, खोलानाला तथा पानीका स्रोत संरक्षणलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

वर्षायाममा पहिरो तथा भू-क्षयका कारण जोखिममा पर्ने बस्ती, सडक तथा खेतीयोग्य जमिनको संरक्षणका लागि आवश्यक संरचना निर्माण तथा सुधारका काम गरिएको उहाँले जानकारी दिनुभयो । खोलानालाको कटानका कारण बस्ती तथा पूर्वाधार जोखिममा पर्ने क्षेत्रलाई लक्षित गरी खोला किनार संरक्षणका काम सम्पन्न गरिएको छ । यस्तै, स्थानीयस्तरमा पानीका मुहान संरक्षण र पोखरी निर्माण तथा संरक्षणमार्फत पानीको स्रोत जोगाउने प्रयास गरिएको कार्यालयले जनाएको छ । कार्यालयका लागि सङ्घीय सरकार बाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड २५ लाख बजेट विनियोजन भएको थियो । उक्त बजेटमध्ये रु एक करोड १६ लाख खर्च भएको छ । त्यस्तै, प्रदेश सरकारबाट रु १२ करोड १९ लाख बजेट प्राप्त भएकामा रु १० करोड ७१ लाख खर्च भएको छ ।

## बुल्दी खोलामा एक करोडमा तटबन्धन निर्माण

पोखरापत्र संवाददाता
दमौली, २७ भदौ

व्यास नगरपालिका-२ अन्तर्गत बुल्दी खोला आसपासका बस्तीलाई वर्षायाममा हुने डुबान तथा कटानबाट जोगाउन तटबन्धन निर्माणको काम तीव्र गतिमा अघि बढाइएको छ ।

बुल्दी खोलाको आसपासका बाघबजार, उत्तरशिला र पुल्चोक टोललगायतका क्षेत्र वर्षायाममा डुबान तथा कटानको जोखिममा पर्दै आएका छन् । खोलामा पानीको बहाव बढ्दा बस्ती तथा आसपासका संरचनामा समेत असर पुग्ने भएकाले जोखिमयुक्त स्थानको व्यवस्थापनका लागि तटबन्धन निर्माण थालिएको हो । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८३/८४ को बजेटबाट तटबन्धन सुरु गरिएको वडासदस्य सुरेश वाग्लेले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कार्यका लागि रु एक करोड तीन लाखको बोलपत्र गरिएको छ । बुल्दी खोलाको जोखिमयुक्त क्षेत्रमा आवश्यक संरचना निर्माण तथा व्यवस्थापन गरी वर्षायाममा हुने सम्भावित क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको वाग्लेले बताउनुभयो ।

तटबन्धन निर्माणसँगै खोलाको किनार तथा जोखिमयुक्त क्षेत्रमा कटान नियन्त्रण हुने र आसपासका बस्तीमा डुबानको जोखिमसमेत कम हुने उहाँको भनाइ छ । विगतमा वर्षायाममा खोलाको बहाव बढ्दा प्रभावित हुने क्षेत्रलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको वाग्लेले बताउनुभयो । व्यास नगरपालिका-२ बाहेक व्यास नगरपालिका-१ का केही जोखिमयुक्त स्थानमा समेत तटबन्ध निर्माणको काम भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँले जोखिमयुक्त क्षेत्रको पहिचान गरी आवश्यकताअनुसार तटबन्धन तथा अन्य संरचना निर्माणलाई प्रभावकारी रूपमा अघि बढाइने बताउनुभयो ।

## भोटेकोशी बाढी: एक हजार ३८४ शव फेला आवासीयमा रुपान्तरण

रासस
काठमाडौं, २७ भदौ

रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनासकारी बाढीमा परी हालसम्म एक हजार ३८४ जनाको शव फेलापरेको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको विवरणअनुसार रसुवामा १८५, नुवाकोटमा १९९, धादिङमा ७०, चितवनमा ३६४, गोरखामा ७७, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२९ र नवलपरासी पश्चिममा २२२ जनाको शव फेला परेको हो । केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार फेला परेका शवको पहिचानका लागि डिएनए नमूना सङ्कलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म एक हजार २३० शव व्यवस्थापन गरिएको छ । पहिचान प्रक्रिया पूरा नभएका शवलाई सुरक्षित रूपमा माटोमुनि राखिएको प्रहरीले जनाएको छ । शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ८४६ गरी कुल तीन हजार १३२ वटा डिएनए नमूना सङ्कलन गरिएको छ ।

यसैगरी पहिचान हुन नसकेका एक हजार ३३९ शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत सार्वजनिक गरिएको प्रहरीले जनाएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण तथा शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म सात हजार ९७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको प्रवक्ता काफ्लेले बताउनुभयो । प्रहरी प्रधान कार्यालयका अनुसार बाढीपछि हालसम्म चार हजार ८९ जना बेपत्ता छन् । उनीहरूको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ । विभिन्न जिल्लामा स्थापना गरिएका होल्डिङ सेन्टरमा हाल दुई हजार ७१२ जनालाई राखिएको प्रहरीले जनाएको छ ।

# ताकमका विद्यार्थी पढाइसँगै तरकारीखेती गर्दै

पोखरापत्र संवाददाता
म्याग्दी, २७ भदौ

म्याग्दीको धौलागिरी गाउँपालिका-७ स्थित ताकम माध्यमिक विद्यालयले तरकारीखेती सुरु गरेको छ ।

विद्यालयको दिवाखाजा, छात्रावासका लागि आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा फलाउने तथा विद्यार्थीलाई प्राविधिक र व्यावसायिक ज्ञानसीप सिकाउने उद्देश्यले तरकारीखेती सुरु गरेको हो । विद्यालयका प्राध्यानाध्यापक केशर रावलले प्लास्टिक घर बनाएर मौसमी र बेमौसमि तरकारीखेती सुरु गरेको जानकारी दिनुभयो । "विद्यार्थी र शिक्षकले फुर्सदको समयमा प्रयोगात्मक अभ्यासका लागि पहिलो चरणमा एउटा टनेलमा बन्दा, काउली र गाजर लगाएका छौं", उहाँले भन्नुभयो, "थप जमिनमा हिउँदे आलु र साग प्रजातिका तरकारी लगाउने तयारीमा छौं ।"

विद्यालयको तीन रोपनी जग्गामा तरकारीखेतीलाई निरन्तरता दिने विद्यालयको योजना छ । कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई तरकारीखेतीमा सहभागी गराइएको छ । तरकारीखेतीका लागि गाउँपालिकाले 'धवलागिरीको इच्छा, गरि खाने शिक्षा' कार्यक्रममार्फत आर्थिक वर्ष २०८२/०८३ मा रु एक लाख ५० हजार सहयोग गरेको छ । दातृ संस्था 'गुड नेवर्स इन्टरनेशनल'को सहयोगमा संगम म्याग्दीमार्फत सञ्चालिक एकिकृत सामुदायिक विकास परियोजनाले प्राङ्गारिक प्रविधिबाट खेती गर्ने तरिकाका विषयमा प्राविधिक सहयोग गरेको छ । उक्त परियोजनाले करेसाबारी कार्यक्रममार्फत थप सहयोग गर्ने जनाएको प्रधानाध्यापक रावलले बताउनुभयो । कक्षा आठ देखि १२ सम्म इलेक्ट्रिक इन्जिनियरिङ विषयको पठनपाठन हुने ताकम माविमा दुई सय २१ जना विद्यार्थी अध्ययनरत छन् ।

विद्यार्थीहरुले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्रावासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले उक्त कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ । करेसाबारीमा बिताउँदा विद्यार्थीले जीवनउपयोगी र व्यावसायिक सीप सिक्ने मात्र नभई 'रिफ्रेस' समेत महसुस गरेको पाइएको छ ।

# सेवाग्राही खोज्दै गाउँपालिका झरे सहरतिर

पोखरापत्र संवाददाता
गोरखा, २७ भदौ

आफ्ना नागरिकको सहर केन्द्रित बसोबासको लहर बढेपछि कतिपय गाउँपालिकाले आफ्नो सेवा प्रवाहको ढाँचा नै परिवर्तन गरेका छन् ।

पछिल्लो समय यहाँका केही गाउँपालिकाले सामाजिक सुरक्षाभत्ता पाउने सेवाग्राही खोज्दै कर्मचारीलाई पोखरा, चितवन र काठमाडौँमा खटाउन थालेको पाइएको छ ।

सो क्रममा बारपाक सुलिकोट गाउँपालिका, सिरानचोक, अजिरकोट, धार्चे, चुमनुब्री र आरुघाट गाउँपालिकाले गोरखा बजार, पोखरा, काठमाडौँ र चितवनका सहरमा पुगेर सामाजिक सुरक्षा भत्ताको कार्ड नवीकरण शिविर सञ्चालन गर्दै आएको छ । आ-आफ्ना पालिकामा स्थायी बसोबास रहेको ती नागरिकलाई घरदैलोमै सेवा पुऱ्याउने हेतुले ती पालिकाले सहरमा शिविर नै राखेर सेवा प्रवाह गर्दै आएका हुन् ।

गाउँपालिकाका अधिकांश वृद्धवृद्धा औषधि उपचारका लागि पोखरा, काठमाडौँ तथा चितवनजस्ता सहरमा बस्दै आएकाले पालिकाले उतै पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरण गरेको अजिरकोट गाउँपालिका-३ का वडाध्यक्ष बाबुराम अधिकारीले बताउनुभयो । उहाँका अनुसार पालिकाले सहरमै पुगेर घुम्ती शिविर सञ्चालन गरेको यो दोस्रो वर्ष हो । "गत वर्ष चितवन र काठमाडौँमा शिविर गरेका थियौँ । यो वर्ष पोखरामा पनि शिविर राख्नुपर्ने माग आएपछि त्यहाँ पनि गयौँ", वडाध्यक्ष अधिकारीले भन्नुभयो, "गाउँपालिकाको पञ्जीकरण शाखाका दुई जना कर्मचारी र जनप्रतिनिधिसहितको टोली सहरमा गई शिविर सञ्चालन गर्दै छौँ ।" पालिकाले भदौ २२ गते पोखरामा सामाजिक सुरक्षा भत्ताको कार्ड नवीकरण शिविर सञ्चालन गरेको थियो । "बुधबार र बिहीबार चितवनमा गयौँ । अब २७ र २८ गते काठमाडौँमा हुन्छ", वडाध्यक्ष अधिकारीले भन्नुभयो, "पोखरामा २३ जना र चितवनमा १६५ जनाले भत्ताको कार्ड नवीकरण गराएका छन् । काठमाडौँमा पनि २०० को हाराहारीमा सेवाग्राही छन् ।" कतिपय वृद्धवृद्धा ह्वीलचियरसहित गाउँमा आउनुपर्ने अवस्था रहेकाले गाउँपालिकाले सहरमै पुगेर सेवा दिएको उहाँले जानकारी दिनुभयो । अजिरकोट गाउँपालिकाका अधिकांश वृद्धवृद्धा छोराछोरीको साहारा खोज्दै पोखरा, काठमाडौँ, चितवनमा बसोबास गर्न गएका छन् । कतिपय भने औषधि उपचारका लागि सहरमा बस्दै आएको पाइएको छ । उहाँहरु गाउँमा आउनुभन्दा पालिका नै उता जानु सजिलो हुने भएकाले सामाजिक सुरक्षा भत्ता नवीकरण गराउन गएको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

केही समयअघि उत्तरी गोरखाको चुमनुब्री र धार्चे गाउँपालिकाले काठमाडौँ र गोरखाबजारमा सामाजिक सुरक्षा भत्ताको कार्ड नवीकरण शिविर सञ्चालन गरेको थियो । हरेक वर्ष भत्ताका लागि लाभग्राही सूची नवीकरण गर्नुपर्ने व्यवस्था छ । बसाइँसराइ तथा उपचारका लागि सहर झरेकाको समस्यालाई मध्यनजर गरी सहरमै शिविर सञ्चालन गरेर कार्ड नवीकरण गरिएको गाउँपालिकाको भनाइ छ ।

# बाँदरले दुःख दिएपछि खेतमा सामूहिक मार्सी धानखेती

पोखरापत्र संवाददाता
गोरखा, २७ भदौ

बाँदरले हैरान पारेपछि बाँझै छाडिएका पाखा, पखेरामा स्थानीयले मार्सी धानको व्यावसायिक खेती सुरु गरेका छन् । गोरखाको उच्च पहाडी गाउँपालिका धार्चे-३ उहियामा धेरै महँगो र स्वादिलो भनेर लोकप्रिय बनेको मार्सी धानको व्यावसायिक खेती सुरु भएको हो ।

स्थानीय उहिया कृषक आमासमूहको नेतृत्वमा वर्षौंदेखि बाँझो बसेका पाखा, पखेरामा मार्सी धानको खेती सुरु गरिएको समूहकी संस्थापक प्रमिना घलेले बताउनुभयो । "बाँदर लागेर हैरान पारेपछि खेती गर्न छाडेका पाखेरोमा समूह गठन गरेर मार्सी धान लगाउन सुरु गऱ्यौं", उहाँले भन्नुभयो, "सामूहिक रुपमा काम गरेपछि आलोपालो गरेर बाँदर कुर्ने, काम गर्ने र आम्दानी पनि हुने भयो । बाँझो जमिनको पनि सदुपयोग भयो ।" समूहले २०८१ सालमा २० रोपनी जमिनमा मार्सी धानखेती सुरु गरेको उहाँले जानकारी दिनुभयो । घलेका अनुसार समूहले पहिलो वर्ष २१ मुरी धान उत्पादन गरेको थियो । दोस्रो वर्ष ३० मुरी र यस वर्ष भने करिब ५० मुरी मार्सी धान उत्पादन भएको उल्लेख छ । 'यसवर्ष हामीले खेती गर्ने जमिन पनि विस्तार गरेका थियौं ।

यो वर्ष ४० रोपनी क्षेत्रफलमा धान लगाएकामा ५० रोपनी मार्सी धान फलेको छ", समूहकी प्रमुना घलेले भन्नुभयो । उहाँका अनुसार समूहले मार्सी धान भित्र्याएलगत्तै खाली बस्ने जमिनमा फापरखेती गर्छ । आफूहरुले उहियामा उत्पादन हुने र बजारमा उच्च माग रहेका मार्सी धान र फापरखेती गर्दै आएको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "बजारमा यसको माग पनि उच्च छ । यहाँको उत्पादन बजारसम्म पुऱ्याउन भने केही चुनौती छन् । मार्सी धान र फापर अन्य फलफूल, तरकारीजस्तो हत्तपत्त बिग्रँदैन ।

यसलाई यहीं थन्क्याएर राख्न मिल्ने र पछि मागअनुसार पठाउन मिल्ने भएर पनि खेती गरेका हौं ।" उहिया कृषक आमा समूहले कुटानी नभएको मार्सी धान र फापर क्रमशः पाथीको २२५ र ५०० रुपैयाँमा बिक्रीवितरण गर्दै आएको छ ।

समूहमा उहियाका २२ घरधुरी आबद्ध छन् । विगत वर्षमा पनि उहियामा मार्सी धानखेती गरिन्थ्यो, तर त्यसको उपयोग घरायसी रुपमा मात्र गरिन्थ्यो । तीन वर्षदेखि भने महिलाले व्यावसायिक उत्पादनका लागि सामूहिक रुपमा खेती सुरु गरेका स्थानीय कुमार घलेको भनाइ छ । "यहाँको रैथाने बाली कोदो, मकै, गहुँ आदिमा बाँदर लागेपछि त्यसको विकल्पमा मार्सी धान लगाउन थालेको हो", घलेले भन्नुभयो, "यहाँ उत्पादन हुने रैथाने बाली मदिरा उत्पादनमा बढी प्रयोग हुने र त्यसले समाजमा विकृति फैलाउने भएकाले पनि महिलाले मार्सी धान उत्पादनलाई प्राथमिकतामा राखेको हुन् ।" मार्सी धान पाक्न पनि कम समय लाग्ने र यसको उत्पादनले महिलाको आर्थिक स्थिति उकासिने उहाँले बताउनुभयो ।

